**प्रदेश सरकार**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

**कोशी प्रदेश बिराटनगर नेपाल ।**

## बिषय :- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रहरुबाट प्राप्त टिपोट जाहेरी पठाईएको ।

| सि.नं. | जिल्ला | घटना शिर्षक | मिति / समय | घटनाको बिवरण | कै. |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | लडी मृतु | २०८०।०३।२४ गते. १४:०० बजेको समयमा | जिल्ला ताप्लेजुङ फुङलिङ नपा ७ स्थित शसस्त्र प्रहरी बल नेपालको कार्यालय जाने बाटो देखी अ. १०/१५ मिटर तल अ. बर्ष ५० कि नामथर वतन नखुलेको महिला नस्पतीको बोटमा अड्की घप्टो अवस्थामा मृत फेला परेको भनि जिप्रकाताप्लेजुङमा जानकारी प्राप्त हुन साथ QRT टोली खटी गई घटनास्थल सुरक्षित राखेको, थप तथा कानुनी प्रकृयाको लागी जिप्रका ताप्लेजुङबाट प्रनिको कमाण्डमा टोली खटी गएको,जिप्रका ताप्लेजुङबाट अ. ४ किमि दक्षिण पर्ने ।महिलाको हुलिया बर्ण गहु गोरी, कालो मझेत्रो, हङकङ रङको सुईटर, पहेलो रङको कुर्ता, निलो रङको सुरुवाल लगाएकी, छेउमा पहेलो रङको झोला रहेको, हेर्दा मंगोलियन जस्तो देखिने अ. बर्ष ५० कि जिल्ला ताप्लेजुङ फुङलिङ नपा ७ दोखु बस्ने अम्वर बहादुर पालुङवाको श्रीमती बर्ष ४४ की धन कुमारी लिम्बु फुङलिङ नपा २ हेलिप्याड आफन्तको कार्जे ( कार्यक्रम )बाट घर फर्किने क्रममा बाटो देखी ५ मिटर तल लडी नस्पतीको बोटमा अड्की घप्टो अवस्थामा मृत फेला परेको, निजले मापसे समेत गरेको । थपजानकारी:- ,२०:४५बजे थप अनुसन्धान तथा कानुनी प्रकृया पुरा गरि लास पो.मा को लागी जिल्ला अस्पताल ताप्लेजुङको शब गृहमा राखिएको । | |
| २ | भोजपुर | घरमा क्षती | २०८०।०३।२४ गते बिहान ०७:५५ बजे | मिति २०८०।०३।२३ गते राती देखी परेको अविरल बर्षाको कारण अं. २३;३० बजेको जिल्ला भोजपुर रामप्रसादराई गा.पा.-६ छापगाऊ बस्ने लहनमाया राईको ढुङ्गा माटो र फुसको छानो भएको १ तल्ले घरको तलबाट पहिरो गई घर क्षेती भएको भन्ने खवर ऐ. वडाका वडा सदस्यले टे.फो.मार्फत२०८०।०३।२४ गते बिहान ०७:५५ बजे प्र.चौ. बैकुण्ठे भोजपुरमा जानकारीगराउन साथ तत्काल प्रसनिको कमाण्डमा २ जनाको टोली खटि गई हेर्दा उक्त घरको अ.१० मिटर तलबाट पहिरो गई घर पुर्णरुपमा भत्की क्षेती भएको, माविय तथा चौपाय क्षेती नभएको र निजकापरिवारहरु आफ्नै नयाँ घरमा बस्दै आएको, उक्त घरको अ.मु.रु. ३,००,०००/- बराबरको क्षेतीभएको, उक्त स्थान प्र.चौ. बैकुण्ठे भोजपुरबाट अ. ८ कि.मि. दक्षिण पर्ने । | |
| ३ | झापा | हात्तीबाट क्षती | मिति २०८०।३।२४ गते ०१:१० बजेको समयमा | जिल्ला झापा अर्जुनधारा न.पा.१ भुलभुले गाँउमा अं.१२।१५ वटा हात्ती आई निम्नानुसारको क्षेती गरेको मानबिय क्षेती नभएको,उक्त स्थानमा प्र.चौ.शनिश्चरेबाट प्रनानिको टोली, अ.प्र.पोष्ट खुदुनाबारीबाट प्रसनिको टोली र ईप्रका अनारमनीबाट प्रसनिको टोली खटी गई स्थानिय मानिसहरु समेतको सहयोगमा ऐ.०४:०० बजे हात्तीहरु देबिझोडा जंगल तर्फ लगाईएको, उक्त स्थान प्र.चौ.शनिश्चरेबाट अं. ६।७कि.मि.उत्तर पर्ने<br>निम्न.-<br>१)जिल्ला झापा अर्जुनधारा न.पा.१ भुलभुले गाँउ बस्ने कमल निरौलाको घरमा रहेको मकै ९ मन,धान ३ मन,चोकर २ बोरा, खाने तेल १ काटुन खाई घरको झ्यालको ग्रिलमा क्षेती पुर्‍याएको समेत गरी अं. मु.रु.३५,०००- बराबरको क्षेती भएको ।<br>२)ऐ.ऐ.बस्ने कमल बहादुर मगर र मुना तामाङको ४४ के.जी. धानको बिउँमा क्षेती पुर्‍याएको, कमलबहादुर मगरको बाँसको सेन्टरबेराले बनेको किचनको सेन्टरबेरा भत्काएको समेत गरी अं. मु.रु.१५,०००। बराबरको क्षेती पुर्‍याएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मोरङ | आगलागी | मिति२०८०।०३।२४ गते १९३० बजेको समयमा | जि. मोरङ पथरी शनिश्चरे न.पा.-८ स्थित मान ब. मगरको काठ र टिनको छाना भएको १ तले ग्वालीमा के.कुन कारण आगोलागी भएको खबर प्राप्त हुनासाथ प्र.चौ. कुसेचौरी बाट प्रसनि चुडमणि खतिवडा(९८५२०९११३२) को कमाण्डमा १० जनाको टोली खटि गई उक्त आगलागी नेपाल प्रहरी,सशस्त्र प्रहरी,दमकल र स्थानिय बासी हरूको संयुत्त सहयोगमा ऐ.२०१५ बजे पुर्ण रुपमा नियन्त्रणमा आएको उक्त आगलागी बाट मानबिय, चौपाए क्षति नभएको, काठ, पराल,टिनको छाना गरी अ. १,५०,०००/- (एकलाख पचास हजार )बराबरको क्षति भएको उक्त स्थान ईप्रका पथरी बाट ८ किमि दक्षिण पर्ने. । | |
| ५ | धनकुटा | सर्पलेडसी घाईते | मिति२०८०।०३।२४ गते ०८:०० बजेको समयमा | जिल्ला धनकुटा पाख्रिवास नपा १० चुम्माङ बस्ने वर्ष अं ५२ को वासुदेव वासकोटा लाई घाँस काट्ने क्रममा दाहिने हातमा सर्पले डसि घाईते भई ऐ. १२४५ बजे उपचारको लागि जिल्ला अस्पताल धनकुटा ल्याई उपचार भईरहेको भनि जिल्ला अस्पताल धनकुटामा कार्यरत प्रकले संचार शाखामा खबर गरेको,अवस्था मध्यम रहेको । थप टिपोर्टः- ऐ.१६३५ बजे थप उपचारको लागी नेपाली सेनाको सर्पदंश अस्पताल तर्फ पठाईएको । | |
| ६ | सङ्खुवासभा | भालुले घाईते बनाएको | मिती२०८०।०३।२४ गते.०९:५५बजेको समयमा | जिल्ला संखुवासभा,२४ गते अं मकालु गा.पा. २ मुर्मि डाडा बस्ने बर्ष ३० को राम बहादुर राई आफ्नै घर नजिक रहेको मकै बारीमा जंगली भालु आएको छ भनि हेर्न जादा भालुले एक्कासी आक्रमण गरी निजको अनुहार,हात र ढाडमा चोट लागि घाईते बनाएको,घाईतेको प्रथामिक स्वास्थ्य केन्द्र मकालुमा ल्याई उपचार भईरहेको भन्ने खबर ऐ. १४:०० बजे प्रचौ मकालुमा प्राप्त हुनासाथ प्रसनि को टोली खटिई गई बुझ्दा घाईतेको अवस्था बोल्न सक्ने,उक्त स्थानमा घटनास्थल प्रचौ मकालु संखुवासभा बाट अं. १ घण्टा पैदल पुर्व पर्ने। | |
| ७ | झापा | आगलागी | मिति २०८०।३।२३ गते १९:३० बजेको समयमा | जिल्ला झापा अर्जुनधारा न.पा. १ साँघुटार बस्ने दिपक तामाङको किराना पसलमा आगलागी भई क्षेती भएको भन्ने आज मिति २०८०।३।२४ गते ०७:२५ बजे प्र.चौ.शनिश्चरेमा जानकारी प्राप्त हुन साथ तत्काल प्रहरी टोली खटी गई बुझ्दा पसलमा रहेको सोकेशको माथी मैनबत्ती बाली राखी घरका मानिसहरु घर भित्र खाना पकाउन लागेको अबस्थामा अचानक आगलागी भई उक्त पसलमा रहेको किराना सामानको अं. मु.रु.-१,००,०००।-,नगद रु.-८,०००।-,कुर्सी,सोकेस,पंखा,मालसमान जोख्ने काँटा, रियल मि मोबाईल थान १ समेत जली जम्मा अं. मु.रु.-१,७१,७००.-(एक लाख एकहत्तर हजार सात सय) बराबरको क्षेती भएको मानबिय चौपाय क्षति नभएको , उक्त स्थान प्र.चौ.शनिश्चरेबाट अं. ५ कि.मि.उत्तर पर्ने। | |